मिति २०७८ श्रावण २९ गते शुक्रबारको राष्ट्रिय दैनिक पत्रिका कान्तिपुरमा प्रकाशित

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि–१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. ब. २०७७/७८ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन (२०७८ बैशाख, जेष्ठ र आषाढ)

### १. वित्तीय विवरण :

क. यस कम्पनीको आर्थिक वर्ष २०७७/७८ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु :
१. प्रति शेयर आम्दानी : रु. ११९.९४
२. पी. ई. अनुपात : ४५.९६
३. प्रति शेयर नेटवर्थ : रु. २३०.९५
४. तरलता अनुपात : ४.१०

### २. व्यवस्थापकीय विश्लेषण :

क. कम्पनीबाट उत्पादित Golden Oak ब्राण्डको मदिरा आम उपभोगताको रोजाईमा पर्न सफल भई रहेकोमा Product Diversification Strategy अनुसार Black Oak तथा Blue Oak ब्राण्डहरु वजारमा ल्याईएको छ ।

ख. विश्व भरी फैलिएको कोभिड–१९ को महामारीको विशम परिस्थीतिमा समेत व्यवस्थापनको उच्च लगनशीलता र संयमले गर्दा कम्पनीको विक्री वितरणमा अघिल्लो वर्षको तुलनामा सुधारका साथै Productivity तथा Efficiency बढाउन सफल भएकाले मुनाफामा १२३ प्रतिशतले वृद्धि हुन पुगेको छ ।

ग. कम्पनीको बिक्रि बढ्न गएकोले बिक्रि तथा वितरण खर्चमा समेत केहि वृद्धि हुन गए पनि विक्रीको वृद्धिदर भन्दा खर्चको दर कम राख्न र प्रशासनिक खर्च तर्फ मितव्ययिता अपनाउन सफल भएका छौं । कम्पनीले यस अवधिमा गत वर्षको तुलनामा वित्तिय खर्च पनि उल्लेख्य मात्रामा घटाउन सफल भएको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. श्रम अदालत काठमाडौंमा केहि व्यक्ति उपरको मुद्धामा सम्बन्धित निवेदकहरु उपर जिल्ला अदालत पर्सामा यस कम्पनीले कीर्ते जालसाजी मुद्धा दायरा गरेकोमा सो विवादमा सम्मानित जिल्ला अदालत पर्सावाट आम्सीक वादी दावी पुग्ने ठहराई फैसला भएको उपर कम्पनीले सम्मानीत उच्च अदालत, जनकपुरको अस्थायी ईजलास, विरगन्जमा पुनरावेदन गरेकोमा सो मुद्धा हाल सम्म पनि विचाराधिन नै रहेको छ । साथै सोही संग सम्बन्धित श्रम अदालत काठमाडौंमा रहेको मुद्धा समेत हाल सम्म विचाराधिन अवस्थामा नै रहेको छ ।

ख. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नवुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयमा यस त्रैमासिक अवधि सम्म पनि कुनै निर्णयको जानकारी प्राप्त भएको छैन ।

ग. कम्पनीले पेटेण्ट डिजायन तथा ट्रेडमार्क ऐन २०२२ अन्तर्गत दर्ता कायम गरी अद्यावधि रहेको Golden Oak ट्रेडमार्क अंकित मदिराको विक्री वितरणमा प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, वोतल प्रयोग गर्ने, कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गर्ने विभिन्न उद्योगका विरुद्धमा उद्योग विभाग, त्रिपुरेश्वर, काठमाण्डौमा उजुरी गरेकोमा अधिकांश उजुरीहरुको किनारा हाल सम्म नलागेको साथै केहि उजुरीहरुको उद्योग विभागबाट प्राप्त भएको फैसला उपर उच्च अदालत पाटनमा पुनरावेदन गरिएको समेत जानकारी गराईन्छ ।

घ. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला वजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. चौथो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः www.nepalstock.com.np)
अधिकतम् मूल्य रु. ५,९१६.००
न्यूनतम् मूल्य रु. ४,०७५.००

### ५. समस्या तथा चुनौति :

यस वित्त विवरण अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. कोभिड–१९ को महामारीको पहिलो लहर समाप्त हुन नपाउदै दोस्रो लहर शुरु भएता पनि विस्तारै वजारहरु खुल्दै गएको आभास मिल्न थाले सगैं महामारी समेत विस्तारै वढ्दै गएको छ । यस्तो महामारीले व्यवसायलाई कता तर्फ डोर्‍याउने हो भन्ने आंकलन गर्न सकिरहेका छैनौं । यस्तो अन्यौलको अवस्थामा हाम्रो जस्तो व्यवसायको भविष्य आंकलन गर्न चुनौती रहेको छ ।

ख. हालै मात्र नेपाल सरकारले मदिराको अन्तः शुल्कमा गरेको अत्याधिक वृद्धि, श्रमिकहरुको न्यूनतम पारिश्रमिकमा भएको वृद्धिका साथै श्रमिकहरुको मागदावीबाट हुने पारिश्रमिक वृद्धि जस्ता कारणले कम्पनीबाट उत्पादन हुने मदिराहरुको उत्पादन लागत वृद्धि हुन गएकोछ । यसका अतिरिक्त महामारीका कारणबाट उपभोक्ताहरुको कय शक्तिका कारण व्यवसायमा प्रभाव पर्न सक्ने आंकल गरेका छौं ।

ग. यस प्रतिष्ठानले उत्पादन गरी रहेको र वजारमा उपभोक्ताले वढि रुचाएको Golden Oak नामक ब्राण्डको मदिरालाई विक्री वितरणमा प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि वजारमा उस्तै लेवल, वोतल प्रयोग गर्ने, कम शक्ती र कम गुणस्तरको मदिरा उत्पादन गरि विक्री वितरण गर्ने कार्य जारी नै रहेको छ। यस्तो कार्य रोक्नका लागि नियमक निकायको ध्यानाकर्षण हुन नसक्दा कम्पनीका लागि थप चुनौति हुन गएको छ । यस्तो कार्यलाई निरुत्साहन गर्न नसकिएमा नेपाल सरकारलाई प्राप्त हुने राजश्वमा समेत प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।

### ६. संस्थागत सुशासन :

आन्तरिक लेखा परीक्षकको कार्यलाई मजबुत एवं व्यवस्थित बनाउनका लागि बाह्य तथा स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्ती गरी लेखा परीक्षण गर्ने कार्यलाई यस अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, कम्पनीको आर्थिक कारोवारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा लागि परेका छौं । उद्योग रहे को क्षेत्र, स्थानिय निकायहरु संगको सम्वन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गरी कार्य गर्ने गरिएको साथै सके सम्म घटाउन सकिने खर्चहरुलाई व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ राख्न सक्षम हुने विश्वास लिएका छौं । साथै यस कम्पनीको Compliance Audit को कार्य समेत वाह्य लेखा परीक्षकबाट गर्ने गराउने कार्य गरिरहेका छौं, जसबाट कम्पनीको संस्थागत सुशासन सम्वन्धमा थप गर्नु पर्ने कार्यको जानकारी कम्पनी व्यवस्थापनले प्राप्त गर्ने र सुधार गर्ने अवसर समेत मिल्ने छ ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण :

यस त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहान्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

## Provisional Statement of Financial Position as on 31st Ashad, 2078 (4th Quarter)

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 513,417,558 | 527,978,155 | 557,370,760 |
| Capital Work in Progress | 44,596 | 44,596 | - |
| Intangible Assets | 663,547 | 722,457 | 874,220 |
| Financial Assets - Advance for Investment | - | 20,000,000 | 20,000,000 |
| Investment in Subsidiaries | 69,000,000 | - | - |
| Other Non-Current Assets | 20,193,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **603,318,843** | **568,938,350** | **598,438,122** |
| **Current Assets** | | | |
| Inventories | 182,690,514 | 503,941,565 | 426,104,882 |
| Financial Assets | | | |
| Trade & Other Receivable | 700,261,676 | 1,018,582,134 | 911,576,944 |
| Cash & Bank Balance | 909,119,153 | 108,213,419 | 12,136,959 |
| Other Current Assets | 99,535,012 | 96,416,397 | 34,631,368 |
| Non-Current Assets Held for Sale | - | - | 12,727,970 |
| **Total Current Assets** | **1,891,606,356** | **1,727,153,515** | **1,397,178,123** |
| **Total Assets** | **2,494,925,199** | **2,296,091,865** | **1,995,616,245** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 867,702,375 | 867,702,375 | 578,468,250 |
| Other Equity - Reserve and Surplus | 1,136,240,214 | 768,241,479 | 673,964,046 |
| **Total Equity** | **2,003,942,589** | **1,635,943,854** | **1,252,432,296** |
| **Non-Current Liabilities** | | | |
| Financial Liabilities - Borrowings | 12,195 | 337,586 | 1,956,030 |
| Deferred Tax Liabilities | 29,587,436 | 29,587,436 | 29,587,436 |
| **Total Non-Current Liabilities** | **29,599,631** | **29,925,022** | **31,543,466** |
| **Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Borrowings | 1,470,430 | 1,509,431 | 150,395,638 |
| Trade Payables | 105,025,591 | 333,693,856 | 113,601,123 |
| Other Financial Liabilities | 172,907,121 | 105,484,895 | 59,718,139 |
| Other Current Liabilities | 169,727,637 | 181,869,029 | 312,024,491 |
| Current Tax Liabilities | 12,252,201 | 7,665,779 | 75,901,092 |
| **Total Current Liabilities** | **461,382,979** | **630,222,990** | **711,640,483** |
| **Total Equity & Liabilities** | **2,494,925,199** | **2,296,091,865** | **1,995,616,245** |

## Provisional Statement of Profit or Loss for the Quarter ended as on 31st Ashad, 2078 (4th Quarter)

| Particulars | This Quarter Ending Rs. | Upto Previous Quarter Ending Rs. | Corresponding Previous Year Quarter Ending Rs. |
|---|---|---|---|
| Revenue from Operations | 6,507,059,506 | 3,984,522,067 | 4,767,060,471 |
| Less: Excise Duties | 2,807,412,801 | 1,597,216,487 | 2,362,432,221 |
| Less: Cost of Goods Sold | 1,314,988,352 | 840,961,202 | 1,090,572,082 |
| Less: Manufacturing Expenses | 135,723,607 | 84,621,105 | 79,002,786 |
| **Gross Profit** | **2,248,934,746** | **1,461,723,274** | **1,235,053,382** |
| Other Operating Income | 69,476,581 | 69,342,885 | 959,149 |
| **Total Income from Operations** | **2,318,411,327** | **1,531,066,158** | **1,236,012,531** |
| Employee Benefit Expenses | 277,439,586 | 180,805,432 | 161,346,735 |
| Administrative Expenses | 112,254,120 | 85,629,200 | 146,875,215 |
| Selling & Distribution Expenses | 463,187,105 | 308,942,223 | 220,719,843 |
| **Operating Profit** | **1,465,530,516** | **955,689,304** | **707,070,738** |
| Depreciation and Amortization | 51,333,617 | 35,603,479 | 49,689,492 |
| Finance Expenses | 17,225,869 | 17,072,828 | 30,287,614 |
| **Profit Before Tax** | **1,396,971,030** | **903,012,997** | **627,093,632** |
| Current Tax/Tax Adjustment | 356,227,613 | 230,268,314 | 160,176,678 |
| **Net Profit for the Period** | **1,040,743,417** | **672,744,682** | **466,916,954** |

## Financial Ratios

| | | | |
|---|---|---|---|
| Earning Per Share Ratio: Basic | 119.94 | 103.38 | 80.72 |
| Earning Per Share Ratio: Diluted | 119.94 | 103.38 | 80.72 |
| Price Earning Ratio: | 45.96 | 42.82 | 19.81 |
| Net Worth Per Share Ratio: | 230.95 | 188.54 | 216.51 |
| Liquidity Ratio: | 4.10 | 2.74 | 1.96 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply the Nepal Financial Reporting Standards.


**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगञ्ज महानगरपालिका वडा नं. – २१,
लिपनि विर्ता, पर्सा, नेपाल